# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/९/१२ गते आइतवार देखि २०६६/९/१६ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९२ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४६४३ कारोबारबाट १७ करोड २७ लाख ६७ हजार रुपैयाँ बराबरका ३ लाख ३७ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३५.०३ प्रतिशतले ह्रास भएको हो । गत साता ६२६४ शेयर कारोबारबाट २६ करोड ५९ लाख ३७ हजार रुपैयाँ बराबरका ४ लाख ८४ हजार २ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ८ करोड २२ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४७.६२ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २.८४ अंकले वृद्धि भई अन्तिम दिन ५४८.११ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५२५.८३ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ८०१.०२ | २६५.७५ | ५७४.२९ | ५५२.४४ | ५९५.०८ | ५४५.२७ | १३५.०२ | ५१.९६ |
| दोस्रो | ५२७.१७ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ८०४.०५ | २६५.७५ | ५७५.३५ | ५४७.३७ | ५९५.८६ | ५४५.७३ | १३५.११ | ५२.०१ |
| तेस्रो | ५२९.०१ | ४३८.८२ | ३६६.४९ | ५८९.८१ | ८०७.९६ | २६५.७५ | ५७३.२२ | ५४६.३७ | ५९९.६४ | ५४७.४१ | १३५.५६ | ५२.१३ |
| चौथो | ५३०.०९ | ४३८.८२ | ३६६.४९ | ५८९.८१ | ८१२.६४ | २६५.७५ | ५७५.३४ | ५४६.५६ | ५९७.५३ | ५४८.११ | १३५.६० | ५२.२० |
| परिवर्तन | ४.२६ | ०.०० | ०.०० | २.३५ | ११.६२ | ०.०० | १.०५ | -५.८८ | २.४५ | २.८४ | ०.५८ | ०.२४ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.५८ अंकले वृद्धि भई १३५.६० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ४ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक तथा शेयर संख्या (३५ हजार कित्ता) र कारोबार संख्या (६२९ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २०.४७ |
| २ | भिवोर विकास वैंक | १३.५८ |
| ३ | ग्लोवल बैंक | १२.१२ |
| ४ | नविल बैंक | १०.६९ |
| ५ | सानिमा विकास बैंक | ८.८६ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | नविल बैंक | वोनस | ४८,३३,७७० कित्ता |